दर्ता नं.: २५(२०७७/०७८)

# हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि.
# HAMRO MULTIPURPOSE CO-OPERATIVE LTD.

**APPLICATION FOR MOBILE BANKING SERVICE**
**(मोबाईल बैंकिङ्ग सेवा दरखास्त फारम)**

Hamro Multipurpose Co-operative Limited
................................ Member Service Center.

Member ID:
सदस्यता न..

I hereby request you to provide Mobile Banking Service of Hamro Multipurpose Co-operative Limited through my details below. I agree to be bound by the current and future terms and conditions of that organization for this offer. (मेरो देहायको विवरण मार्फत हाम्रो बहुउद्देश्य सहकारी संस्थाको मोवाईल बैंकिङ्ग सेवा उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध गर्दछु । म यो प्रस्तावका लागि त्यस संस्थाका बिद्यमान तथा भविष्यमा जारी हुने नियम तथा शर्तहरु पालना गर्न मञ्जुर गर्दछु ।)

## Personal Details (व्यक्तिगत विवरण)

Full Name (IN BLOCK LETTER)

पूरा नाम, थर (देवनागरीमा)

Address
ठेगाना

Mobile No.
मोबाईल नं.

Mobile Service Provider
मोबाईल सेवा प्रदायक
- ☐ NTC नेपाल टेलिकम
- ☐ NCELL एनसेल

E-mail
इमेल

## Account Details (खाता विवरण)

Primary Account Number:

Name of Account Holder:

## Please select Mobile Banking Features you desire to register (कृपया दर्ता गर्न चाहनु भएको मोबाईल बैंकिङ्ग सुविधा छनोट गर्नुहोस्)

☐ **Inquiry & Transaction Alerts (खाताको जानकारी र कारोवारको जानकारी)**
- Account Balance Inquiry (खाताको रकमको जानकारी)
- Account Mini Statement (खाताको मिनी विवरण)
- Transaction alerts (कारोवारको जानकारी)

☐ **Inquiry, Transaction Alerts & Financial Transactions (खाताको जानकारी, कारोवारको जानकारी र वित्तीय कारोवार)**
- Account Balance Inquiry (खाताको रकमको जानकारी)
- Account Mini Statement (खाताको मिनी विवरण)
- Transaction alerts (कारोवारको जानकारी)
- Financial Transaction (वित्तीय कारोवार)

I have read, understood and agree to abide by the term and conditions as stated in the backside of this form. (मैले यस फारमको पछाडी लेखिएका शर्तहरु पढें, बुझें र पालना गर्न मञ्जुर गर्दछु ।)

Name: ..............................................................
(नाम)

Date: D D M M Y Y Y Y
मिति:

.............................................
Member's Signature
(सदस्यको हस्ताक्षर)

## For Office Use Only

| .............................................<br>Signature Verified by: | .............................................<br>Registered by:<br>Date: D D M M Y Y Y Y | .............................................<br>Approved by: |
|---|---|---|

# हाम्रो स्मार्ट मोबाईल बैंकिङ्ग सञ्चालन सम्बन्धी शर्त तथा बन्देजहरु

हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (यहाँ उपरान्त संस्था भनि सम्बोधन गरिनेछ) ले यसमा उल्लेखित शर्तहरुको अधिनमा रही मोबाईल बैंकिङ्ग सुविधा (सेवा) प्रदान गर्नेछ ।

१. **परिभाषा**: प्रासंगिक रुपमा अर्को अर्थ नलागेमा यस लिखतमा देहायका शब्द वा वाक्यांशको अर्थ देहाय बमोजिम हुनेछ ।

क) **"खाता"** भन्नाले संस्थामा सदस्यले खोलेको कुनै पनि प्रकारको खाता वा भविष्यमा प्रस्तावित गर्न सकिने खाता सम्झनु पर्दछ ।

ख) **"सदस्य"** भन्नाले संस्थाको शेयर खरीद गरेका कुनै पनि व्यक्ति सम्झनु पर्दछ ।

ग) **"मोबाईल भुक्तानी सेवा"** अन्तर्गत मूल खाताबाट लक्षित खातामा रकम हस्तान्तरण, मोबाईल, पोस्पेड, प्रिपेड, पिएसटिएन लाईन आदिको बिल भुक्तानी, सेवा वा बस्तु खरिदको बिल भुक्तानी र भविष्यमा थप हुने अन्य कुनै भुक्तानी समेत सम्झनु पर्दछ ।

घ) **"मूल खाता"** संस्थामा रहेको सदस्यको खाता हो । मोबाईल भुक्तानी सेवाका लागि सदस्यले दिएको निर्देशनलाई सदस्य खातामा समाविष्ट गरिनेछ । मोबाईल भुक्तानी सेवा सदस्य खातालाई मात्र उपलब्ध गराईनेछ ।

ङ) **"लक्षित खाता"** भुक्तानी पाउने पक्षले संस्थामा वा वित्तीय संस्थामा खोलेको खाता हो, जसमा रकम रकमान्तर गरिनेछ ।

च) **"मोवाईल नम्बर"** भन्नाले सेवा उपलब्ध गराउने परियोजनका लागि सदस्यले उपलब्ध गराएको मोबाईल नम्बर सम्झनु पर्दछ ।

छ) **"पिन"** भन्नाले बिशिष्ट र संस्था प्रणालीबाट क्रम रहित ढंगले संचालित हुने व्यक्तिगत पहिचान नम्बर सम्झनु पर्दछ । सेवा हासिल गर्ने आधिकारीक अनुरोध गर्दा प्रयोग गरिने यो गोप्य पासवर्ड हो ।

ज) **"सेवा प्रदायक"** भन्नाले अन्य निकाय वा व्यक्तिलाई सेवा प्रदान गर्ने निकाय सम्झनु पर्दछ ।

झ) नेपाल टेलिकम र एनसेल दुबै सेवा प्रदायक वा अन्य मोबाईल नेटवर्क सञ्चालक हुन ।

२. **शर्त लागु हुने**: सदस्यको यी शर्तहरु सहित परेको दरखास्त र संस्थाले दिएको स्वीकृतिले सदस्य र संस्था बीच करार खडा गर्नेछ र त्यस्तो करार संस्था र अन्य सेवा प्रदायकका बीच सम्पन्न हुने शर्तहरुको अधिनमा रहनेछ ।

३. **सेवाका लागि दरखास्त**: सदस्यले सेवा प्रयोग गर्न संस्थाले उपलब्ध गराएको तोकिएको मोबाईल बैंकिङ्ग सम्बन्धी दरखास्त संस्था समक्ष पेश गर्नु पर्नेछ ।

४. **सेवाका लागि दरखास्त दिने योग्यता**: यो सेवा खातावाला अधिकार प्राप्त व्यक्तिलाई मात्र उपलब्ध गराईनेछ । मोबाईल बैंकिङ्ग प्राय सबै जसो मोवाईल उपकरणमा उपलब्ध हुनेछ । सेवा प्लेटफर्म संग सदस्यको मोवाईल अनुकुल नभएको लगायतका कारणले सेवा उपलब्ध नभएमा वा यो सेवा प्रयोग गर्दा वा प्रयोग गर्ने प्रयास गर्दा सदस्यको मोबाईल उपकरणमा हानी वा क्षति पुगेमा संस्था जिम्मेवार हुनेछैन ।

५. **पिन**: पिनको प्रयोगले संस्थालाई तोकिएको खातामा रकम रकमान्तर गर्ने प्रयाप्त अख्तियारी हुने कुरालाई सदस्यले स्वीकार गर्दछ । सेवा प्रदायक कम्पनीले यस अख्तियारी बमोजिम कार्य गर्दा थप सोधपुछ गरी रहनु पर्ने छैन साथै सेवा प्रदायक माथिको एसएमएसको निर्भतरता र यसको नैसर्गिक जोखिमका कारणले एसएमएस संचारको सुरक्षित माध्यम होईन भन्ने कुरा सदस्य स्वीकार गर्दछ । आफ्नो सुरक्षाको लागि सदस्यले देहायका उपायहरु अवलम्बन गर्नेछ ।

क) पिनको अभिलेखलाई लिखित वा बिद्युतीय प्रारुपमा नराख्ने र कसैलाई पिनका बारेमा नबताउने ।

ख) आफ्नो मोबाईल फोन सदैब आफैसंग राख्ने र अन्य कसैलाई प्रयोग गर्न नदिने ।

ग) संस्थाले पठाएका र संस्थालाई पठाईएका सबै एसएमएसहरु मेटाउने ।

घ) मोबाईल फोन हराएमा वा चोरी भएमा वा मोबाईल नम्बर परिवर्तन भएमा तत्काल संस्थालाई जानकारी दिने ।

ङ) मोवाईल फोन वा यो सेवामा अनाधिकृत पहुँच नभएको कुरा सुनिश्चित गर्ने ।

च) नियमित रुपमा पिन परिवर्तन गर्ने ।

६. **उपलब्धता र उद्घोषण**: संस्थाले सदस्यलाई सेवा प्रदान गर्न प्रयत्न गर्नेछ । संस्थाले पूर्व सुचना दिई वा नदिई सदस्यलाई उपलब्ध गराएको सेवा परिवर्तन गर्न सक्नेछ । कुनै निश्चित मोबाईल नेटवर्क सेवा प्रदायकको सेवा उपभोग गर्ने सदस्यलाई मात्र सेवा प्रदान गर्ने गरी प्रस्ताव गर्ने अधिकार संस्थामा निहित रहनेछ । तोकिएको मोवाईल नम्बरबाट मात्र सेवामा सदस्यको पहुँच हुनेछ । मोवाईल नम्बरको प्रमाणीकरण र प्रदत्त पिन वा संस्थाको निर्देशनमा उल्लेखित हुन सक्ने अन्य प्रमाणीकरणका तरिकाद्वारा सदस्यको सम्पुष्टि पश्चात मात्र सदस्यको निर्देशन प्रभावकारी हुनेछ । तेस्रो पक्ष सेवा प्रदायक र सञ्चालन पद्धतिको असफलता वा कानूनी आवश्यता लगायतका काबु बाहिरको कुनै कारणले निर्देशन कार्यान्वयनमा ढिलाईका लागि संस्था जिम्मेवार हुने छैन ।

७. **संस्थाको अख्तियारी**: यो सम्झौतालाई स्वीकारी सदस्यले सबै मोबाईल बैंकिङ्ग कारोवारलाई प्रभाव पार्ने गरी निजको सबै खातामा संस्थाको अपरिवर्तनीय र निशर्त पहुँच हुने कुरालाई स्वीकारेको छ । सदस्यको अनुरोधलाई स्वीकार्ने/कार्यान्वयन गर्ने प्रयोजनको लागि आवश्यता अनुसार तेस्रो पक्षलाई खाता बारे जानकारी गराउने अख्तियारी समेत सदस्यले संस्थालाई प्रदान गरेकोछ ।

८. **उत्तरदायित्वको ईन्कारी**: सेवा प्रदान गरिएको भौगोलिक दायरामा सदस्य नभएको कारणले निजले सेवा उपभोग गर्न नपाएमा संस्था जिम्मा हुने छैन । यदि सदस्यको मोबाईल नम्बर अन्य व्यक्तिलाई प्रदान गरिएको वा निजको खाताबाट अनाधिकृत कारोवार भएको वा निजको मोबाईल फोन हराएको विश्वास गर्नु पर्ने कारण विद्यमान भएमा निजले संस्थालाई तत्काल जानकारी दिनु पर्नेछ । देहायको आवश्यक्ताको लागि संस्था जिम्मेवार नहुने कुरामा सदस्य सहमत छ :

क) सदस्यले जानीजानी वा अन्जानमा तेस्रो पक्षलाई पिनका बारेमा बताएमा,

ख) सदस्यले यसमा उल्लेखित कुनै शर्त उलघंन गरेमा,

ग) खाताबाट भएको अनाधिकृत कारोवार वा त्रुटिपूर्ण कारोवारका बारेमा उचित समय भित्र संस्थालाई जानकारी नगराएमा,

घ) सदस्यको मोवाईल नम्बर परिवर्तन भएको/समाप्त भएको बारेमा निजले संस्थालाई लिखित जानकारी नगराएमा ।

रजिष्टर गरिएको मोवाईल नम्बरको माध्ययमबाट मात्र सेवामा पहुँच हुने कुरा सदस्य स्वीकार गर्दछ र सदस्यले गरेको वा नगरेको भए पनि सो नम्बरबाट भएको कुनै पनि कारोवार सदस्यले नै गरेको मानिनेछ । प्राकृतिक प्रकोप, कानूनी अवरोध, मोवाईल नेटवर्क प्रदायकको त्रुटी र कार्यलोप, असफल नेटवर्क, तेस्रो पक्ष सेवा प्रदायक र संस्थाको काबु बाहिरको कुनै कारण लगायत अन्य कुनै कारणले सेवा उपलब्ध हुन नसकेमा संस्था कुनै पनि अवस्थामा जिम्मेवार हुने छैन । कुनै पनि प्रत्यक्ष, अप्रत्यक्ष, आकस्मिक आनुषङ्गिक हानी र आएको नोक्सानी, व्यवसायमा बाधा वा सदस्य वा अन्य ब्यक्तिले बहन गरेको कुनै पनि प्रकार वा प्रकृतिको हानी नोक्सानीका लागि संस्था कुनै पनि अवस्थामा जिम्मेवार हुने छैन । सेवाको कानून विपरीत वा अनुचित प्रयोग भएमा संस्थाले निर्धारण गरे बमोजिमको आर्थिक व्यवहार सदस्यले भुक्तानी गर्नु पर्नेछ र परिणामतः सदस्यलाई दिईएको सेवा निलम्बन हुनेछ ।

९. **सुरक्षा**: संस्थाले सेवा प्रदान गर्दा सेवा प्रयोग सम्बन्धमा दिईएका निर्देशन बमोजिम कार्य गर्न ईन्कार गरिएको वा कुनै कार्यको परिणाम स्वरुप संस्थाले व्यहोर्नु पर्ने, बहन गर्नु पर्ने, भोग्नु पर्ने सबै कारवाही, दाबी, माग, लागत, दस्तुर खर्चबाट संस्थालाई सुरक्षित र खतरामुक्त राख्न सदस्य मञ्जुर गर्दछ । मोबाईल नेटवर्क प्रदायकको असफलता वा कमि कमजोरीका कारण सेवा प्रदानमा हुन गएको ढिलाई वा सेवा प्रदान गर्न नसकेको कारण सदस्यलाई पुगेको हानी नोक्सानीबाट समेत संस्थालाई सदस्यले सुरक्षित बनाएको छ । सदस्य संस्थालाई सुरक्षित पार्न र देहायका कार्यको परिणाम स्वरुप भएको हानी नोक्सानीबाट सुरक्षित पार्न सहमत छ :

क) सदस्यले तेस्रो पक्षलाई सेवा प्रयोग गर्न अनुमती दिएको ।

ख) मोवाईल फोनलाई ध्यान नदिई छोडिएको वा मोबाईल हराएको कारणले सदस्यले अन्य ब्यक्तिलाई निजको मोबाईलसम्म पहुँचको अनुमति दिएको ।

ग) यस निबेदन पत्रमा उल्लेखित मोवाईल नम्बर परिवर्तन भएको स्थितीमा सदस्यले संस्थालाई तत्काल सूचित गर्नु पर्नेछ । यसो नगरिएमा त्यसबाट उत्पन्न कुनै पनि प्रकृतिको परिणाम प्रति संस्थालाई उत्तरदायी र जिम्मेवार बनाउन सकिने छैन ।

१०. **शुल्क**: संस्थालाई सेवामा लाग्ने शुल्क निर्धारण गर्ने र सदस्यलाई पूर्व सूचना दिई वा नदिई समय समयमा आवश्यकता अनुसार शुल्क परिमार्जन गर्ने एकल स्वःविवेकाधिकार हुनेछ । साथै मोबाईल नेटवर्क प्रदान गरे बापत लागेको सम्पूर्ण शुल्क एनटिसी, एनसेल जस्ता मोवाईल नेटवर्क प्रदायकलाई तिर्ने एकल जिम्मेवारी सदस्यको हुनेछ ।

११. **संशोधन**: संस्थालाई कुनै पनि समय कुनै पनि शर्त संशोधन गर्ने वा थप शर्त निर्धारण गर्ने पूर्ण स्वविवेकाधिकार हुनेछ र त्यस्ता संशोधित शर्त सदस्यलाई लागू हुनेछ र निजका लागि बाध्यात्मक हुनेछ ।

१२. **समाप्ती**: सेवा अन्तय गर्न सदस्यले संस्थालाई लिखित सूचना दिनु पर्नेछ । यसरी सेवा समाप्त गर्नु भन्दा अघि सदस्यका मोबाईल फोन नम्बरबाट भएका सबै कारोवार प्रति सदस्य उत्तरदायी रही रहनेछ । संस्थाले आफ्नो स्वविवेकमा दस्यलाई पूर्व सूचना दिई वा नदिई कुनै पनि समयमा पुरै वा आंशिक रुपमा सेवा अस्थाई रुपमा फिर्ता लिन वा समाप्त गर्न सक्नेछ । मर्मत संभार कार्य वा आकस्मिक कारण परेमा वा सुरक्षा समेतका कारणले संस्थाले पूर्व सूचना नदिई कुनै पनि समयमा सेवालाई निलम्बन गर्न सक्नेछ । सदस्यले खाता बन्द गरेमा सेवा स्वतः समाप्त हुनेछ । सदस्यले यी शर्तहरु उलघंन गरेमा वा सदस्यको मृत्यु, टाट पल्टाई वा कानूनी क्षमताको अभाव भएको जानकारी हुन आएमा वा संस्थाले उचित ठानेको अन्य कुनै अवस्थामा संस्थाले पूर्व सूचना नदिई सेवा निलम्बन गर्न वा समाप्त गर्न सक्नेछ ।

१३. **बैधता**: मोवाईल बैंकिङ्ग सेवाको बैधता एक बर्षको हुनेछ, मोबाईल बैंकिङ्ग सेवा नविकरण नगर्ने लिखित अनुरोध नआएमा मोबाईल बैंकिङ्ग सेवा स्वतःनविकरण हुनेछ ।

मैले माथि उल्लेखित शर्त तथा बन्देजहरु पढें, बुझें र सदैव सो अनुरुप गर्ने मञ्जुरी दिन्छु ।

**नाम**: ..........................................................................................

**खाता नं.**: ..........................................................................................

..........................................

**सदस्यको दस्तखत**